नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

# राजस्व अनुसन्धान विभाग

(योजना, अनुगमन तथा गुनासो व्यवस्थापन शाखा)

हरिहरभवन, ललितपुर।

## विज्ञप्ति

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनले मदिराजन्य मालवस्तुहरुको कारोबारमा राजस्व चुहावट गरेको आशंकामा आवश्यक कारवाहीका लागि यस विभागमा जाहेरी प्रतिवेदन दर्ता गरेकोमा यस विभागले अनुसन्धान कार्य सम्पन्न गरी राजस्व चुहावटको कसूरमा जिल्ला सिन्धुपाल्चोक, ईन्द्रावती गाउँपालिका वडा नं. ६ स्थायी घर भई हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ६ बस्ने संस्कार ट्रेडर्स (स्था.ले.नं. ३०३०१७१९२) का प्रोप्राइटर वर्ष ४५ का होम प्रसाद चालिसे विरुद्ध मुद्दा दायर गरेको छ।

प्रस्तुत मुद्दामा प्रतिवादीले आफ्नो संस्कार ट्रेडर्स नामको फर्म मार्फत् बिल बीजक जारी नगरी मदिराजन्य पदार्थहरु बिक्री गरी मूल्य अभिवृद्धि कर राजस्व छली गरेको तथा अन्तःशुल्कजन्य पदार्थ(मदिरा)को अन्तःशुल्क प्रणालीमा प्रविष्टि नगरी चोरी निष्काशन गरी अन्तःशुल्क राजस्व छली गरेको अनुसन्धानवाट पुष्टि भएको छ।

यसमा प्रतिवादीले सनाखत गरी पेश गरेको फर्मको मौज्दात विवरण भन्दा निज समेतको रोहवरमा गरिएको भौतिक गणना विवरणमा न्यून परिमाण देखिएकोले न्यून भएका मालवस्तुहरुको प्रचलित राजस्व चुहावट(अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१)(ख) बमोजिम मू.अ.कर राजस्वतर्फ रू.२,२५,२२,३०८।७२ विगो कायम भएको। त्यस्तै करदाताले आफ्नो मौज्दात पुस्तिकामा आम्दानी तथा खरिद नदेखाएको तथा भौतिक नियन्त्रण प्रणालीमा आधारित मदिराजन्य मालवस्तुहरु अन्तःशुल्क प्रणालीमा प्रविष्टि नगरी चोरी निष्काशन गरेको हुँदा अन्तःशुल्क ऐन, २०५८ को दफा १६(१) को खण्ड (क) बमोजिम तिर्नुपर्ने अन्तःशुल्क दवाए, छिपाए वा छलेमा त्यस्तो कसूरको निमित्त विगो जफत गरी विगो बमोजिम जरिवाना गर्नुपर्ने व्यवस्था बमोजिम अन्तःशुल्क राजस्वतर्फ राजस्व चुहावट(अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१)(ग) बमोजिम रू. ५०,३६,९३६।९० विगो कायम भएको।

अतः प्रतिवादी फर्म संस्कार ट्रेडर्सका प्रोप्राइटर होम प्रसाद चालिसेवाट राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) बमोजिम माथि उल्लिखित कुल विगो रू.२,७५,५९,२४५।६२ असुल गरी विगोको शतप्रतिशत रू.२,७५,५९,२४५।६२ जरिवाना गरी जरिवाना सहित कायम हुने कुल रकम रू. ५,५१,१८,४९२।०० (अक्षेरुपी पाँच करोड एकाउन्न लाख अठार हजार चार सय बयानब्बे मात्र) निज प्रतिवादीबाट भराइ पाउन, सोही ऐनको दफा २३ को उपदफा (१)(ख) बमोजिम कैद सजाय हुन, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारवाट पीडित संरक्षण कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन समेतको मागदावी लिई सम्मानित उच्च अदालत पाटनमा मिति २०८१/१२/१० गते अभियोगपत्र दायर गरिएको छ।

२०८१/१२/१०

(कृष्ण कुमारी श्रेष्ठ)

प्रवक्ता/उपमहानिर्देशक



Scanned with CamScanner